नेपाल धितोपत्र वोर्ड वाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**

*Ref. No LISTING-FOWAD-INQ- 2075/76/509*

मिति : २०७५/०९/१२

श्री फरवार्ड कम्युनिटि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
दुहवी, सुनसरी ।

**विषय : धितोपत्र सूचीकरण स्थगन गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा यस लि. ले मिति २०७५/०८/२६ *Ref. No.- Listing- All list com-Notice-2075/76/400* को सूचना मार्फत सूचीकृत कम्पनीहरुलाइ "धितोपत्र बजार मुल्यमा प्रभाव पार्ने सूचना सम्प्रेण बारे" मा प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिवलाई ध्यानाकर्षण गराएको सर्वविदिदै छ । यो पत्र त्यसै सन्दर्भमा लेखिँदै छ ।
त्यस कम्पनीले सूचीकरण सम्झौताको बुदा नं. ५ "संगठित संस्थाले लाभांश, बोनस, वा हकप्रद शेयर निष्कासन गर्ने निर्णय गरेमा कुन मिति सम्म कायम रहेको शेयरधनीले त्यस्तो लाभांश, बोनस, वा हकप्रद शेयर पाउने हो सो सम्वन्धी जानकारी त्यस्तो निर्णय हुन वित्तिकै वा भोलिपल्ट कारोवार शुरु हुनु अघि नेप्सेलाई दिनुपर्नेछ" तथा सम्झौता बुँदा नं १६ बमोजिम "संगठित संस्थाले वार्षिक साधारण सभा वा विशेष साधारण सभामा पेश गरिने वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा अन्य जानकारी विवरण र छलफलका विषय सूची शेयरधनी र नेप्सेलाई उपलब्ध गराउनु पर्नेछ" भनी उल्लेख भएको हुँदा मिति २०७५/०९/०८ गते च.नं.: ६०५/०७५/७६ को पत्रमा कुन मिति सम्म कायम रहेको शेयरधनीले त्यस्तो लांभाश बोनस पाउने हो सो को जानकारी निर्णय हुने बित्तिकै वा भोली पल्ट कारोबार सुरु हुनु अघि नेप्सेलाई दिनु पर्नेमा, निर्णय भएको मिति उक्त पत्रमा उल्लेख नगरेको, साधारण सभाको सूचनाबाट हेर्दा संचालक समितिको उक्त बैठक मिति २०७५/०९/०६ गतेमा बसे तापनि पत्रमा मिति उल्लेख नभएको तथा साधारण सभाको जानकारी साथ संलग्न गर्नु पर्ने वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा अन्य विवरणहरु नेप्सेलाई उपलब्ध नगराएकोले तहाँ कम्पनीले नियम विपरीत कार्य गरिएको देखिएको हुदाँ सो को कारण खुलाई तथा यस विषयमा त्यस कम्पनीको भनाई के छ ? यस सम्बन्धमा पत्र प्राप्त भएको समयले २४ घण्टा भित्र स्पष्टीकरण पेश गर्न हुन साथै धितोपत्र सूचिकरण विनियमावली, २०७५ को विनियम १६(१)(ख) अनुसार कम्पनीको धितोपत्र सूचीकरण स्थगन गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउदँछु ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।
आई.टी. शाखा- कारोवार रोक्का गर्नुहुन ।
नेपाल स्टक एक्सचेन्ज लि.

भवदीय,

............

(सुबोध ढुङ्गेल)
का.मु.सहायक प्रबन्धक
सूचीकरण शाखा

**पो. ब. नं. १५५०, यु.एन.आई.शान्तिमार्ग , काठमाण्डौ, नेपाल ।**
**Tel.: 4250758, 4250735 Fax: 4262538 E-mail :info@nepalstock.com**